मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०५३२

प.सं. कृषि-०७७/७८

## रासायनिक मल कारोबारको लागि सूचिकृत हुने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७७/०५/२४

नेपाल सरकारद्वारा जारी अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम सरकारबाट अनुदानमा उपलब्ध हुने रासायनिक मलहरु नगरबासी कृषकहरुलाई बिक्री वितरण गर्ने संस्थाहरु छनौट गरी कार्यक्षेत्र निर्धारण गर्नु पर्ने भएकोले यस कार्यालयबाट इजाजत पत्र प्राप्त सहकारी/कम्पनी/फर्म तथा मन्थली नगरपालिकाभित्र कार्यक्षेत्र भएका मल कारोबारको ईजाजत प्राप्त गर्न इच्छुक कृषि सहकारीहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीत पुरा नभएका आवेदन उपर कुनै पनि किसिमको काम कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

आवश्यक कागजातहरु:

१. सूचिकृत हुने/ईजाजत लिने सम्बन्धी निवेदन ।
२. संस्था दर्ता, सूचिकृत/अद्यावधिक प्रमाण-पत्र प्रतिलिपि, इजाजत पत्रको प्रतिलिपि, स्थायी लेखा नं. र कर चुक्ता प्रमाण-पत्र वा रसिदको प्रतिलिपि ।
३. संस्थागत निर्णयको प्रतिलिपि ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. सहकारी संस्थाको विनियम ।
६. दुई वर्षको लेखा परीक्षण प्रतिवेदन ।
७. विगतमा कारोबार गरेका संस्थाको हकमा मलको कारोबार विवरण र अनुभव, कार्यदक्षता, कार्य क्षमताको विवरण ।
८. नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण ।

थप जानकारीको लागि यस कार्यालयको कृषि विकास उपशाखा वा ०४८-५४०५३२ र ९८५६०६३२२० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

२०७७/०५/२४

.....................

(हेमन्त कुमार बुढाथोकी)

उप-सचिव (प्रा.)

manthalinapa071@gmail.com    Website: www.manthalimun.gov.np